नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(.................प्रशासन................ शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

२०८१/८२/१/११

पत्र संख्या:-
प्राप्त पत्र संख्या:- ..............
च.नं.:- ८८२

मिति : २०८१/०८/११
नेपाल संवत् ११४५

विषय : रमाना सम्बन्धमा ।

श्री महाशाखा, सबै ।
श्री नापी कार्यालय, सबै ।
श्री विशेष नापी कार्यालय, सबै ।
श्री डिजिटल नापी कार्यालय, बनेपा ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं.२०८१/०८२, च.नं.७२५, मिति २०८१/०८/०५ को पत्रसाथ प्राप्त सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०८१/०८२, च.नं. १९७१, मिति २०८१/०७/२९ को रमाना सम्बन्धी पत्रको छाँया प्रति यसैसाथ संलग्न राखी पठाईएको छ । व्यहोरा उक्त पत्रबाट अवगत गर्नु भई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारीहरुको रमाना सम्बन्धमा मिति २०८१/०७/२८ को सचिवस्तरीय निर्णय कार्यान्वयनका लागि लेखी आएको हुँदा उक्त निर्णय कार्यान्वयन गरी सोको जानकारी यस विभागलाई समेत गराउनुहुन आदेशानुसार अनुरोध छ ।

(सुवर्ण खनाल)
शाखा अधिकृत

बोधार्थ :

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्री आ.प्र.शाखा, नापी विभाग ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रशासन शाखा

फोन नं. ४२११६६६
४२११६६२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरवार, काठमाडौं

पत्र संख्या:- २०८१/८२
चलानी नं.:- ६२५

मिति: २०८१/०८/०५
नेपाल सम्वत् ११४५

विषय: <u>रमाना सम्बन्धमा ।</u>

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौं।
श्री नापी विभाग, मीनभवन, काठमाडौं।
श्री सहकारी विभाग, नयाँबानेश्वर, काठमाडौं।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रे।
श्री सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँबानेश्वर, काठमाडौं।

दर्ता नं. 9643
प्राप्त मिति: 2081/8/10

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारीहरुको रमाना सम्बन्धमा मिति २०८१/०७/२८ को सचिवस्तरीय निर्णय कार्यान्वयनका लागि लेखी आएकोले उक्त पत्रको छायाँप्रति पाना सङ्ख्या १ (एक) यसैसाथ संलग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(रुपेश राज खनाल)
शाखा अधिकृत

<u>बोधार्थ:</u>
श्री संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं।

.थी द नं ११४
८१२
. पु.२१.११.प.१२०१
८।८

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०८१/०८२
चलानी नं.:- ९६८१

मिति: २०८१।०७।२९

विषय: रमाना सम्बन्धमा ।

भूमि व्यवस्था, सहकारी ... दर्ता नं. ९३८२ मिति ८।१२

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय/प्रदेश/स्थानीय तह (सबै)

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्), मन्त्रालय, आयोग, सचिवालय तथा कार्यालयहरुबाट विभिन्न मितिमा निजामती सेवा ऐन, २०४९ को दफा १५(१) बमोजिम पदस्थापना गरिएका, दफा १८(१) बमोजिम सरुवा गरिएका, दफा १८क(१) बमोजिम काज खटाइएका तथा काज फिर्ता गरिएका, कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९(९) र दफा ११(२) बमोजिम कामकाज गर्न खटाइएका तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(४) बमोजिम स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाइएका संघीय निजामती कर्मचारीहरु प्रचलित कानूनबमोजिम सरुवा/पदस्थापना/कामकाज/काजमा खटाइएका तथा काज फिर्ता गरिएका निकाय/कार्यालयमा रमाना भई जानुपर्नेमा हालसम्म पनि रमाना नदिएका/नलिएका कारण सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष असर परेको तथा कर्मचारी व्यवस्थापन समेत प्रभावित भएको हुँदा तत् तत् कर्मचारीहरुलाई निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना दिई पठाउने सम्बन्धमा तपसिल बमोजिम गर्नु/गराउनु हुन यस मन्त्रालयको २०८१/०७/२८ को निर्णय (सचिवस्तर) अनुसार अनुरोध छ ।

<u>तपसिल:</u>

१. हालसम्म सरुवा/पदस्थापन/कामकाज/काजमा खटइएका र काज फिर्ता गरिएका कर्मचारीहरुलाई निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना दिई ७ (सात) दिनभित्र सोको जानकारी यस मन्त्रालयलाई गराउने,
२. सरुवा/पदस्थापन/कामकाज/काजमा खटाइएका र काज फिर्ता गरिएका कर्मचारीहरुको सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना लिने अवधि गुज्रिएपश्चात साविकका निकाय/कार्यालयमा निजहरुको किरिया विदा, बिरामी विदा र प्रसुति विदा बाहेक अन्य विदा स्वीकृत नगर्ने/नगराउने,
३. निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना भई नजाने कर्मचारीहरुलाई उपलब्ध गराउने सेवा, सुविधा र पारिश्रमिक सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखबाट असुलउपर गर्नका लागि सम्बन्धित निकायलाई अनुरोध सहित पत्राचार गर्ने,
४. बुँदा नं. १-३ सम्मका निर्णय कार्यान्वयन नगर्ने/नगराउने विभागीय प्रमुख/कार्यालय प्रमुख र सम्बन्धित कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० बमोजिम विभागीय सजायसम्बन्धी कारबाही अघि बढाउने ।

.............
(सुदिप सापकोटा)